*Excellence in Leadership for Transformation*

Accredited by University Grants Commission (UGC), Nepal (2025)
विश्वविद्यालय अनुदान आयोग नेपालबाट गुणस्तर प्रत्यायनकृत. (२०८१)

MADAN BHANDARI MEMORIAL COLLEGE
(Estd. 2001)
AFFILIATED TO TRIBHUVAN UNIVERSITY

मितिः २०८१।१२।१०

## सूचना !

मदन भण्डारी मेमोरियल कलेज र कान्तिपुर मिडिया ग्रुप (केएमजी) बीच सहकार्य गर्ने सम्बन्धमा समभ्कदारी भएको जानकारी गराउन पाउँदा हामीलाई खुसी लागेको छ । समभ्कदारी अनुरूप यस कलेजमा पत्रकारिता अध्ययनरत निश्चित विद्यार्थीलाई इन्टर्नका रूपमा केएमजी पठाइने र केएमजी मिडियाकर्मीहरूलाई समय–समयमा गेष्ट लेक्चरका रूपमा निम्त्याइने भएको छ।

केएमजीमा इन्टर्नका रूपमा पठाइने विद्यार्थीको नाम आन्तरिक प्रतिस्पर्धाबाट छनोट गरिने भएकाले तपशिल बमोजिमका योग्यता पुगेका विद्यार्थीले कलेजमा निवेदन दिन सक्नेछन् ।

**तपशिल**

१. पत्रकारिता विषय लिई बीए चौथो वर्षमा पुगेका विद्यार्थीले निवेदन दिन सक्नेछन् । यद्यपि, पत्रकारिता गर्ने उत्कट चाहना भएका विद्यार्थीले बीए तथा एमको जुनसुकै तहमा अध्ययन गर्ने भए पनि निवेदन दिन सक्नेछन् ।

२. अंग्रेजी माध्यम (द काठमण्डू पोष्ट) का लागि इन्टर्नसिप गर्न चाहने विद्यार्थीको अंग्रेजी भाषाको बुझाइ, लेखनकला र टाइप गर्ने क्षमता राम्रो हुनुपर्नेछ।

३. नेपाली माध्यम (कान्तिपुर तथा इकान्तिपुर) का लागि इन्टर्नसिप गर्न चाहने विद्यार्थीको नेपाली भाषाको बुझाइ, लेखनकला र टाइप गर्ने क्षमता राम्रो हुनुपर्नेछ।

**थप योग्यता**

क) छोटो तथा लामो भिडियो उत्पादन गर्ने सीप

ख) कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान

ग) रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन तथ प्रस्तुतीकरणसम्बन्धी सिप

घ) फोटोग्राफी ज्ञान तथा सीप

ङ) सिक्ने चाहना र काम गर्ने इच्छाशक्ति

माथि उल्लिखित योग्यता पुगेका विद्यार्थीहरूलाई चैत १४ गतेभित्र पत्रकारिता तथा आमसञ्चार विभागमा निवेदन दिन आह्वान गरिन्छ।

**पुनश्च :** इन्टर्नसिपको अवधि तीन महिनाको हुनेछ, जसमा एक महिनाको परीक्षणकाल रहनेछ । परीक्षणकाल सफलतापूर्वक पार गर्नेलाई मात्र थप दुई महिनाका लागि सञ्चार भत्तासहित इन्टर्नसिपको अवसर दिइने व्यवस्था छ।

....................................
डा. बाबुराम अधिकारी
क्याम्पस प्रमुख

P O Box 5640, Binayaknagar, New Baneshwar-10, Ktm, Phone 5172175, 5172682, Email info@mbmc.edu.np; www.mbmc.edu.np